पुनर्निर्माणः मर्यादित कामको सिर्जनाबाट
नेपालबारे अन्तर्राष्ट्रिय ऐक्यवद्धता बैठक
१७-१८ भदौ २०७२, काठमाडौं

# नेपालको पुनर्निर्माण र विकासका लागि ट्रेड यूनियन मार्गचित्र

'पुनर्निर्माणः मर्यादित कामको सिर्जनाबाट'को मूल नारामा यही भदौ १७-१८ मा नेपाली ट्रेड यूनियनहरु र नेपाली श्रमजीवीहरुसागको ऐक्यबद्धतामा नेपाल सरकार र रोजगारदाता प्रतिनिधिहरु सहित संसारभरका ट्रेड यूनियनकर्मीहरुको गरिमामय सम्मेलनले भूकम्प पश्चात्का वास्तविकताहरुमा नेपालको आगामी बाटोबारे गहन र गम्भीर छलफल गऱ्यो। विश्वव्यापी ऐक्यबद्धताको भावनाले दृढतापूर्वक हामी नेपाल सरकार, सामाजिक सहयात्रीहरु, नेपाली समाज र अन्तर्राष्ट्रिय समुदाय हातेमालोमा अगाडि बढ्न यो मार्गचित्र प्रस्ताव गर्दछौ ।

१. महाविनाशकारी भूकम्प र यसका क्षतिको एक पुनरावलोकन

बैशाख १२ मा ७.६ रेक्टर स्केलको बलियो धक्का दिंदै गएको महाविनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनहरु नेपालका लागि त्रासद रहे, नेपालको सामाजिक, आर्थिक, राजनीतिक इतिहासमा अत्यन्त कठिन संक्रमणकालबाट गुज्रिरहेको प्रतिकूल समयमा यो महाविपत्तिले पीडित गऱ्यो ।

पुष महिनादेखिवैशाख महिनासम्ममा संसारभरि गएका ६.५ रेक्टर स्केलभन्दा माथिका १८ वटा भूकम्प मध्ये चारवटा ठूलो मानवीय क्षति र सम्पत्तिको विनास गर्ने खालका भूकम्प र पराकम्पनहरु बेहोर्नु पऱ्यो, यद्यपि तुलनागर्दा त्यस अवधिमा जतिसुकै ठूला भूकम्पमा पनि अन्य मुलुकले मानवीय क्षति भोग्नु परेन ।

यो महाविनाशको तत्काल दृश्यमान क्षति हेर्दा ८,७९० मृत्यु, २२,३०० घाइते तथा ८० लाख मानिस कष्टकर ढंगले प्रभावित भएका छन् । ७५ जिल्लामध्ये ३१ जिल्ला प्रभावित र त्यसमा पनि १४ जिल्ला मूलतः संकटग्रस्त रहेका छन् ।प्रभावित युनियन सदस्य र आश्रितहरुको संख्या ६०८९५ र १४ जिल्लाको मात्र हेर्दा पनि ५८७७७ पाईएको छ । भूकम्प पश्चात् तुरुन्त जनस्तरमा देखिएको उच्च तहको सामूहिकता महत्वपूर्ण रह्यो । व्यक्तिगतरूपमा वा संस्थागत हिसाबले पाका र युवाहरुको स्वस्फूर्त परिचालन ज्यादै महत्वपूर्ण र प्रशंसनीय रह्यो । उद्धार र राहत कार्यमा २२,५०० निजामती कर्मचारीहरु, ६५,०५९ सेना, १७,७७६ प्रहरी र २४,७७५ सशस्त्र प्रहरी तथा झण्डै ४००० सरकारी र निजी क्षेत्रका स्वास्थ्यकर्मीहरु परिचालित भए। अभियानकै रुपमा स्वयंसेवकहरुको परिचालनमा प्रमुख राजनीतिक दलहरुको भूमिका महत्वपूर्ण रह्यो । राष्ट्रिय केन्द्रहरुबाट ट्रेड यूनियनकर्मीहरुको परिचालन, विदेशमा कार्यरत नेपाली श्रमिकहरुको वित्तिय सहयोग र अन्तर्राष्ट्रिय ट्रेड यूनियन आन्दोलन, राष्ट्रिय स्तरका अन्य देशका यूनियनहरु र यूनियन सञ्जालको सहयोग सदैव स्मरणीय रहने छ ।

अन्तर्राष्ट्रिय समुदायले गरेको सहयोगको प्रशंसा गरेर साध्य छैन । भूकम्प लगत्तै ३४ देशका १३४ खोजी र उद्धार टोलीहरु आएर नेपालमा ठूलो सहयोग पुऱ्याए ।हेलिकप्टर प्रयोग गरी ७,५५८ र स्थल मार्गबाट ४,६८९ पीडितहरुको उद्धार भयो । आपतकालीन राहत र मानवीय सहयोगमा संयुक्त राष्ट्रसंघका ऐजेन्सीहरु र ६० देशहरुबाट योगदान भएको छ ।

राष्ट्रिय योजना आयोगको प्रतिवेदन- ‘विपदपछिको आवस्यकता पहिचान (पिडिएनए)’मार्फत जानकारी गराइए अनुसार यो महाविनाशबाट भएको क्षतिलाई मुद्रामा मूल्याङ्कन गर्दा ७ खर्ब ६ अर्ब ५० करोड हुन आउँछ । यसमा निजी क्षेत्रमा ५ खर्ब ४० अर्ब ४० करोड तथा सार्वजनिक क्षेत्रमा १ खर्ब ६६ अर्ब १० करोड अनुमान गरिएको छ । सबैभन्दा बढी आवास सहित सामाजिक क्षेत्र प्रभावित भएको छ । क्षतिको ५८% सामाजिक क्षेत्रमा, २५% उत्पादक क्षेत्रमा, १०% पूर्वाधारहरु र ७% मिश्रित क्षेत्रमा क्षति भएको छ । प्रतिव्यक्ति महाविनाश क्षति औसतमा ने.रु. १३०,००० तथा बढी क्षतिग्रस्त जिल्लामा रु.२५५,८६० देखि कम क्षतिग्रस्त जिल्लामा रु. ४३,८०० भएको अनुमान छ। भूकम्प पश्चात्को कूल गार्हस्थ्य उत्पादन १.५% क्षय भई अनुमानित ४.६% को वृद्धिदर घटेको छ । कृषि, उद्यम र सेवाका तीनै मूलभूत उत्पादन क्षेत्रका श्रममुलक भागहरुमा नै ह्रासको यो परिणाम देखिएको छ । पर्यटन उद्योगलाई मात्रै नियाल्दा पनि आगामी दुई वर्षसम्म ६२ अर्ब क्षति व्यहोर्न पर्ने अनुमान छ । आयातको ११% बराबरको मात्रा निर्यात हुन सकेको तथ्याङ्कले व्यापार घाटाको डरलाग्दो प्रतिकूल अवस्था छर्लङ्ग देखाइरहेको छ । यी सबै परिसूचकहरुले जनताको जीवनस्तरमा झन प्रतिकूलता थपिएको र गरिबी झन सघन भएको प्रमाणित गर्दछन् । राष्ट्रिय योजना आयोगको प्रतिवेदनले देखाएको अनुमान अनुसार झण्डै ७ लाख जनता गरिबीको रेखामुन्तिर झरेका छन्, प्रतिशतमा भन्नुपर्दा भूकम्पले गरिबीको जालोमा २.५% देखि ३.५% थप जनसङ्ख्यालाई जकडेको छ । यो भुकम्पले आम जनतालाई राहत र पुर्नस्थापनमा आश्रित वनाईदिएको छ ।

निश्चितरूपमा यो क्षति राष्ट्र, समाज, अर्थव्यवस्था र श्रमजीवी जनताका लागि अतुलनीय क्षति हो । आर्थिक वृद्धिदर पनि विगत ८ वर्षमा सवभन्दा तल झरेको छ । तर यो नै अन्त्य होइन, बरु विकास र समृद्धिका विभिन्न आयामहरुतर्फ लम्कने प्रस्थान बिन्दु हो । क्षति, पीडा र आँसुलाई दृढता र एकताबद्ध अभियानमा रूपान्तर गरी हरेकलाई मर्यादित जीवन सुनिश्चित गर्ने समाज र राष्ट्र बनाउने काममा अगाडि बढ्नुपर्छ । कामगर्ने उत्साह प्रवर्धन गर्दै छिटो आर्थिक उत्थानको लक्ष्य पुरा गर्नु छ ।

२) नयाँ संविधान, मर्यादित कामको विषय बस्तु र विकास रणनीति

श्रम र श्रमजीवी वर्गको भूमिका पुनर्निर्माण अभियानमा महत्वपूर्ण हुने भएकोले उनीहरुलाई नै केन्द्रमा राखेर विकासका रणनीतिहरु निर्माण वा त्यसको पुनर्व्यवस्थापन गरिनुपर्छ । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाा सविधानले पनि आधुनिक र समृद्ध समाजको लक्ष सहित समता र न्यायमा आधारित श्रमजीवी वर्गमुखी महामार्ग कोर्नुपर्छ । यो दीर्घकालीन लक्षप्राप्तिका आधारभूत पक्षलाई निम्नानुसार सूचिवद्ध गर्न सकिन्छ :

- लैङ्गिक विभेद अन्त्यको सुनिश्चितता
- युवाश्रमिक केन्द्रित अवसरका सिर्जना
- अनौपचारिक क्षेत्रमा कार्यरत बहुसङ्ख्यकहरुलाई ध्यानमा राखी सबैको लागि साामाजिक सुरक्षा र सामाजिक सहायता प्रणाली
- श्रम निरिक्षण प्रणालीकोलागि फराकिलो सञ्जाल
- शिक्षा, स्वास्थ्य, सुरक्षित आवास, स्वच्छ पिउने पानी, विद्युत तथा सञ्चार सहित सबैलाई भरपर्दो सार्वजनिक सेवाको सुनिश्चितता

- राज्यको स्थानीय निकायदेखि केन्द्रीय संसदसम्म सबै जननिर्वाचित निकायमा कम्तीमा १० प्रतिशत श्रमिकहरुको प्रतिनिधित्वको व्यवस्था
- संगठन स्वतन्त्रता तथा सामूहिक सौदाबाजीको सुनिश्चितता

संक्षेपमा, यी विषयलाई ट्रेड यूनियनहरुले- अधिकार, संरक्षण, आयोग तथा प्रतिनिधित्वको हकका रूपमा सूत्रमा व्यक्त गर्दै आएका छन् । अधिकारभित्र संगठन स्वतन्त्रता र सामूहिक सौदाबाजी सहितको हक तथा हितका विषयहरु समेटिन्छन् । हामीले भन्ने गरेको संरक्षणभित्र, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १०२ ले व्याख्या गरे बमोजिमको सामाजिक सुरक्षा पर्दछ । हाम्रो बुझाइमा श्रम आयोग भनेको यस्तो अर्ध-न्यायिक स्वरूपको निकाय हुनुपर्छ, जसले श्रमिकका गुनासालाई तत्काल ठाउाका ठाउमै हल गर्न सकोस् । र, प्रतिनिधित्व भनेको स्थानीयदेखि केन्द्रीय तहका जननिर्वाचित संस्थामा श्रमिकको प्रतिनिधित्व सहित नीति-निर्णय गर्ने तथा अनुगमन गर्ने निकायहरुमा रोजगारदाता सरह श्रमिकहरुको प्रतिनिधित्वको सुनिश्चितताको माग हो ।

राष्ट्रिय योजना आयोगले तयार पारेको प्रतिवेदन- विपदपछिको आवश्यकता पहिचान (पिडिएनए) कार्यान्वयनकोलागि त्यसमा संकेत गरिएको वित्तिय स्रोत सहित पूर्णतः श्रमको टेवा चाहिन्छ । हामी निम्न विषय-वस्तु, पुनर्निर्माण प्रकृयाको एजेण्डा बन्नु पर्छ भन्नेमा छौं:

- श्रम प्रधान रणनिती र कुशल श्रम सुचना प्रणाली
- हालै गठन गरिएको पुनर्निर्माण प्राधिकरणमा ट्रेड युनियन प्रतिनिधित्व सुनिश्चितता र यस भित्र श्रम मापदण्ड सुनिस्चित गर्न छुटटै श्रम विभाग वनाएर भावी कामको सिलसिलामा यसलाई प्रस्थान बिन्दु बनाउन सकिन्छ ।
- प्राधिकरणले काम गर्ने १४ वटै जिल्लामा  पुनर्निर्माण सुपरिवेक्षण समिति निर्माण, यो प्रकृयामा ट्रेड यूनियन प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ ।
- खरिद प्रकृयाको सुधार, यसमा न्यूनतम श्रम मापदण्डलाई समेत समावेशगर्दै त्रिपक्षिय संयन्त्रवाट अगाडी वढनुपर्छ ।
- पुर्ण पारदर्शिताकालागि संपुर्ण प्रक्रियामा सक्रिय टेड युनियन सहभागिता

संक्रमणकालिन विकास प्रकृयामा राजनीतिक दलहरुले वर्गीय पक्षधरतालाई त्यति ध्यान दिएको देखिंदैन । हाम्रा धेरै बहसहरु जात/जाती, लैङ्गिक र क्षेत्रिय पहिचानका वरिपरि नै घुमिरहेका छन् । सामाजिक समावेसीकरणको मुद्धाले यथोचित महत्व पाएकै देखिन्छ तर यसो गरिरहादा आर्थिक समानताको विषयले पाउनुपर्ने जति महत्व भने नपाएको हाम्रो बुझाई छ ।

त्यसैले, 'श्रममैत्री राज्य- श्रममैत्री शासन व्यवस्था' आजको आवश्यकता हो भन्ने हामी सबैले बुझ्नुपर्छ । हामीसरकारी ओहदामा रहेकाहरुबाट मात्रै हैन, संलग्न, सम्बद्ध सबै पक्षबाट हाम्रा निर्माण र विकास प्रक्रियातथा परियोजनाहरु भ्रष्टाचार-मुक्त रहने कुराको सुनिश्चितता चाहन्छौ। त्यसैले, नयाा स्वच्छ विकास रणनीति उच्च श्रम उत्पादकत्वको लक्ष्य सहित निम्न चार पक्षमा केन्द्रित हुनुपर्छ भन्ने हामी ठान्दछौ :

- व्यापक पुनर्निर्माण तथा नवनिर्माण कार्य
- पर्यटन उद्यममा रहेको संभावनाको अधिकाधिक सदुपयोग

- हालको निर्वाहमुखी कृषिलाई व्यावसायिक तहमा पुऱ्याउनको लागि हदैसम्मको प्रयास
- मौलाउादै गरेको सेवा क्षेत्रको प्रवर्द्धन

यी सबै मुख्य क्षेत्रको केन्द्र भागमा वित्तिय र भौतिक साधन भन्दा वढि निश्चित रुपमा श्रम तथा मानवीय स्रोतलाई राख्नुपर्छ । उत्पादन, सेवा तथा आधारभूत संरचना निर्माणमा श्रमजीवी वर्गलाई व्यापक परिचालन गर्न हालको अवस्थामा न्यूनतम ज्यालाको पुनरावलोकनगरिनै पर्छ । तसर्थ, हामी सरकार तथा रोजगारदातासाग निम्न प्रकृया अपनाउन आग्रह गर्दछौाः

- वैदेशिक रोजगारीलाई आफ्नो लक्ष्य मानिरहेका नेपालीलाई आकर्षण गर्ने गरी न्यूनतम ज्यालाको पुनर्व्यवस्था गरौा ।
- कार्यथलोलाई लोकतान्त्रिक र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको हिसाबले सुरक्षित तुल्याऔं ।
- मित्र राष्ट्रहरु र नेपाललाई सहयोग गर्न चाहने संघ/संस्थाहरुलाई निर्माण प्रकृयामा नेपाली कच्चा पदार्थ तथा सामग्रीको प्रवर्द्धन गर्न आग्रह गरौा ।

३) रोजगारी सिर्जना सहितको पुनर्निर्माण दशक

पुनर्निर्माण प्रकृयामा झण्डै ७ खर्ब नेपाली रुपैयाा लाग्ने अनुमान गरिएको छ । जसमध्ये ६१ प्रतिशत आवास, स्वास्थ्य, पोषण तथा शिक्षा जस्ता सार्वजनिक क्षेत्रमा खर्च हुनेछ । कृषि, उद्योग, पर्यटन र वाणिज्य जस्ता उत्पादनमुखी क्षेत्रमा १७ प्रतिशत र यातायात, विद्युत, पिउने पानी, ढल निकास र सञ्चार जस्ता संरचना विकासको लागि ११ प्रतिशत खर्चको आवश्यकता देखाइएको छ। बााकी झण्डै ११ प्रतिशत साझा विषय (क्रस कटिङ) विषयमा लाग्ने अनुमान देखिन्छ ।

छोटो अवधिमै पूरा गर्नुपर्ने व्यापक आवश्यकता र सीमित स्रोतलाई ध्यानमा राखी हामीहरुले मानवीय स्रोतलाई जोड दिएका हौा । नवनिर्माण र पुनर्निर्माणका लागि तत्काल आवश्यक पर्ने क्षेत्र तथा विषय केन्द्रित क्षेत्रमा कम्तीमा २० लाख काम सिर्जना गर्न राष्ट्रिय रोजगार नीतिमा सामयिक संशोधनको आवश्यकता महसुस गरेका छौा । यो रोजगार निती अपांग श्रमिकहरुलाई पनि संवोधन गर्ने हुनु पर्दछ । यसका लागि निम्नानुसारको स्पष्ट नीति अपनाउनु पर्छः

- आम मजदुरका लागि कम्तीमा दैनिक १,००० रुपैंयाा न्यूनतम ज्याला
- पुनर्निर्माण प्रकृयामा श्रमिकहरुलाई समर्पित तुल्याउन सरकारद्वारा कम्तीमा बर्षमा दुईसय दिन रोजगारीको ग्यारेन्टी
- श्रमिकको स्वास्थ्य तथा दुर्घटना वीमा र कार्यथलोको लोकतान्त्रिककरण
- दाता र संस्थाहरुले पुर्ननिर्माणमा नेपाली श्रोतलाई प्राथमिकता दिने

बढीमा एक दशकभित्र सबै निर्माण कार्य सम्पन्न गरिसक्न सम्बत् २०७२-२०८२ साललाई "निर्माण तथा पुनर्निर्माण दशक" घोषणा गर्न हामी सबै सामाजिक सहयात्रीलाई आह्वान गर्दछौा । यसका निर्दिष्ट लक्ष्य निम्न विषयमा कन्द्रित हुनुपर्ने ठान्दछौा :

- शिक्षा, स्वास्थ्य, सामाजिक संरक्षण र रोजगारी सिर्जना,
- ऊर्जा र यातायात, सार्वजनिक भवनहरु, निजी घरहरु र सार्वजनिक प्रयोगका संरचना जस्ता आधारभूत संरचना

- समाजका अति विपन्न वर्ग र उनीहरुको पुनर्वास

पुनर्निर्माणभित्र निश्चय नै भवन, सडक, बाँध, पुल, रोपवे, रेलवे, जलविद्युत परियोजना, ट्रेकिङ्ग ट्रेल (पद-मार्ग), व्यवस्थित शहरी विकास लगायतका सार्वजनिक निर्माण कार्यहरु पर्दछन् । त्यसैगरी शहर वा गाउा दुबैतिर कर्पोरेट भवन तथा निजी आवास निर्माणले त्यत्तिकै महत्व पाउनुपर्छ ।

श्रम तथा विकासको दृष्टिबाट दिगो दीर्घकालीन विकासको सिंगो अवधिमा सीप विकास, व्यावसायिक तालिम र शैक्षिक पाठ्यक्रमको महत्वपूर्ण भूमिका छ । सिप विकासका लागि प्राधिकरण, टेड युनियनहरु र निर्माण व्यवसायी संघहरुको संयुक्त प्रशिक्षण व्यवस्थातर्फ अगसरहुनु उचित ठान्दछौ ।हामी श्रमिकहरुलाई बृहत सङ्ख्यामा प्रशिक्षित गरेर विद्यमान चुनौतीलाई अवसरमा बदल्न सक्छौ । भूकम्प प्रतिरोधी संरचना निर्माणको तालिमदेखि अन्य आवश्यक सीप र सीपहरुको प्रमाणीकरणले दीर्घकालीन प्रभाव सिर्जना गर्छ भन्ने हाम्रो विश्वास छ । यसकालागि निम्न कार्यहरुको समेत हामी प्रस्ताव गर्दछौं:

- विदेशी भूमिमा अनिश्चित र कष्टसाध्य काम गर्न बाध्य प्रवासी नेपाली श्रमिकलाई निर्माण र सम्बद्ध क्षेत्रको रोजगारीमा आकर्षित गर्न स्पष्ट नीति तथा पर्याप्त सुबिधाको व्यवस्था,
- पुननिर्माणमा ज्याला नपाउने पारिवारीक श्रमिक र  निर्वाहमुलक कृषि परिवारका श्रमिकलाई पनि परिचालन गर्ने व्यवस्था
- पुनर्निर्माण कार्यमा संलग्नहुने सबै श्रमिकलाई परिचयपत्रको व्यवस्था गरिप्रभावकारी परिचालनको लागि पञ्जीकरण प्रकृया आरम्भ ।

सवैतह र प्रक्रियामा टेड युनियन प्रतिनिधित्व, सिप विकासमा ठुलो संख्यामा श्रमिक संलग्नता र सवै सामाजिक सहयात्रीको भुमिकामा स्पष्टता माग गर्दै नेपालका ट्रेड यूनियनहरु विपदपछिको राष्ट्रनिर्माण अभियानमा सामाजिक सहयात्री, आम सञ्चार र नागरिक समाजसाग सहकार्यमा जान प्रतिबद्ध छन् । टेड युनियहरुको संथागत क्षमता विकासमा पनि जोड दिन चाहान्छौ ।

अन्तर्राष्ट्रिय परिवारको सदस्यको रुपमा विश्व ट्रेड यूनियन समुदाय सिङ्गो नेपाल, नेपाली श्रमिक वर्ग र नेपाली जनतासाग हरेक कदममा साथ दिन सदा सकारात्मक छ ।

नेपाल सरकार ट्रेडयुनियनहरुको यो प्रतिवद्धतालाई उच्च महत्व दिंदै प्रोत्साहित गर्दछ ।

ऐक्यवद्धता सहित बैठकमा उपस्थित हामीहरु-

| नाम | संस्था | देश | हस्ताक्षर |
|---|---|---|---|
| मा. टेक बहादुर गुरुङ | राज्यमन्त्री, श्रम तथा रोजगार मन्त्रालय | नेपाल सरकार | |
| श्री याप वेइनन | उपमहासचिव, | ब्रसेल्स | |

| | | | |
|---|---|---|---|
| | आइटियुसी | | |
| विष्णु रिमाल | अध्यक्ष, जिफण्ट | नेपाल | |
| खिलानाथ दहाल | अध्यक्ष, एनटियुसी | नेपाल | |
| शालिकराम जमकट्टेल | अध्यक्ष, एएनटियुएफ | नेपाल | |
| साक्षीहरु | | | |
| श्री शेखर गोल्छा | सभापती, रोजगारदाता परिषद, एफएनसीसीआई | नेपाल | |
| श्री जोजे असालिनो | निर्देशक, आइएलओ नेपाल कार्यालय | | |
| श्री महेन्द्र शर्मा | संयोजक, ग्वोवल यूनियन फेडेरेशन (एशिया प्रशान्त क्षेत्र) | भारत | |
| श्री देवराज दहाल | प्रतिनिधि, ट्रेड यूनियन सोलिडारिटी सपोर्ट संगठन | प्रमुख एफइएस नेपाल | |

सम्वत् २०७२ भदौ १८ गते शुक्रवार, काठमाडौं, नेपाल ।